# जादु मामा



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# जादु मामा



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण : २०७५

This work is licensed under a Creative Commons Attribution Non-Commercial No Derivatives 4.0 International License (CC BY-NC-ND 4.0). To view a copy of this license, visit https://creativecommons.org/licenses/by-nc-nd/4.0/. Under the Creative Commons Attribution Non-Commercial No Derivatives license, you are free to copy and redistribute the material in any medium or format under the following conditions:

**Attribution**—If you copy and distribute this work in whole or in part, please cite the work as follows: *Reproduced based on an original work developed by Government of Nepal, Ministry of Education, Science and Technology, Curriculum Development Centre, Sanothimi, Bhaktapur and licensed under a Creative Commons Attribution Non-Commercial No Derivatives 4.0 International License.*

**Non-Commercial**—You may not use the material for commercial purposes.

**No Derivatives**—You may not distribute the material if you make any changes to the original, including remixing it with other works, building upon it to create a new work, or transforming it in any other way.

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआईडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मानसिक र बौद्धिक विकासका साथै उनीहरूलाई मनोरञ्जन प्रदान गर्न सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । यस सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउन एवम् पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यस चित्र पुस्तकको लेखन हरिहर तिमिल्सिना र चित्राङ्कन समित श्रेष्ठबाट भएको हो । यस चित्र पुस्तकको सम्पादन रेणुका पाण्डे, पुरुषोत्तम घिमिरे, रजनी धिमाल, चिनाकुमारी निरौला र शाश्वत पराजुलीबाट भएको हो । पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको यो सन्दर्भ सामग्रीलाई युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिए तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्तमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।


वि.सं. २०७५ पाठ्यक्रम विकास केन्द्र



आज गाउँमा जादुको खेल हुँदै थियो । जादु देखाउन लङ्गुर मामा आएका थिए ।

जादु हेर्न मुसो, बिरालो, कुकुर र खरायो गए। त्यहाँ जरायो, घोडा, हात्ती पनि भेला भए। लङ्गुर मामाले मादल ठोक्दै भने, “ल सबैले आँखा चिम्म गर्नुहोस् त।”





आँखा खोलेर हेर्दा न मामा थिए। न मादल थियो। मामा त रुखको टुप्पामा पुगेका थिए। रुखभरि मादल फलेका थिए।

मामा हाँस्दै रुखबाट झरे । उनको हातमा एउटा सिसाकलम थियो । "अब फेरि सबैले आँखा चिम्म गर्नुहोस् त !", मामाले भने ।



आँखा खोलेर हेर्दा अगाडि सिसाकलमको चाङ थियो। सबैले ताली बजाए।



मामाको हातमा एउटा चकलेट थियो। मामाले सबैलाई आँखा चिम्म गर्न भने।



आँखा खोलेर हेर्दा चकलेटको थुप्रो नै थियो। सबैका मुखमा पानी आयो।



“मलाई चकलेट,
मलाई चकलेट ।”



“मामा चकलेट, मामा चकलेट । चकलेट हरायो ।”, सबै कराए ।



"चकलेट खाने भए हल्ला नगरी सबै लाइनमा बस्नुहोस् त।", मामाले आदेश दिए।



सबैले आआफ्नो उचाइअनुसारको लाइन बनाए ।



मामाले पालैलालो सबैलाई एक एक मुठी चकलेट दिए।
चकलेट पाएर सबै खुसी भए।





जादु मामाले मादल बजाए। अरू सबै नाच्न थाले।

